कर्णाली प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : २०७८/०७९ (शा.सु./योजना)    चलानी नम्बर : 202C    मितिः २०७९/०३/२९

विषयः आर्थिक वर्ष २०७९/०८० को मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना छनौट तथा सिफारिस सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
कर्णाली प्रदेश।

प्रस्तुत विषयमा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/०८० मा कार्यान्वयन हुने आयोजनाहरु छनौट तथा सिफारिस गर्नका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ तथा निर्देशक समितिको विभिन्न मितिमा भएको निर्णय अनुसार देहाय बमोजिमको व्यवस्था रहेको छः-

देहायः

१. प्रत्येक वडाबाट वडा समितिको निर्णय सहित पाँच वटा आयोजना प्राथमिकीकरण गरी सम्बन्धित स्थानीय तहमा सिफारिस गरी पठाउने,
२. सम्बन्धित स्थानीय तहले प्रत्येक वडाबाट प्राथमिकीकरण सहित प्राप्त पाँच वटा आयोजनाहरु मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणाली (CMEP) मा प्रविष्टि गरी कार्यपालिकाको निर्णय सहित सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य संयोजक रहेको सिफारिस तथा समन्वय समितिको सचिवालय (सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालय र सुर्खेत जिल्लाको हकमा शिक्षा विकास निर्देशनालय) मा पठाउने,
३. सिफारिस तथा समन्वय समितिले वडा हुँदै स्थानीय तहबाट प्राप्त आयोजनाहरु मध्ये प्रत्येक वडाको लागि तीन वटा आयोजनाहरु प्राथमिकताक्रम अनुसार सिफारिस गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने,
४. सिफारिस तथा समन्वय समितिबाट प्रत्येक वडाको लागि प्राप्त तीन वटा आयोजनाहरु मध्येबाट माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा रहेको निर्देशक समितिले प्रत्येक वडामा उपयुक्त आयोजना स्वीकृत गरी बजेट बाँडफाँड गर्ने।

माथि उल्लेख भए बमोजिम प्रकृया पुर्‍याई आर्थिक वर्ष २०७९/०८० को लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजनाहरु छनौट तथा सिफारिस गर्न सम्बन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयलाई पत्राचार गरिएकोमा कतिपय स्थानीय तहहरुबाट उल्लिखित प्रकृया पूरा नगरेको तर स्थानीय तहबाट सिफारिस भई मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि भएका आयोजनाहरुमध्ये निर्देशक समितिबाट आयोजना स्वीकृत गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरिएको र कुनै पनि आयोजना प्रस्ताव नगर्ने विभिन्न छत्तिस वटा वडाको लागि एकमुष्ट रुपमा बजेट व्यवस्था गरिएको छ।

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२    फ्याक्स : ०८३-५२२६१८, ५२४७७४

CS Scanned with CamScanner

कर्णाली प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : २०७८/०७९ (शा.सु./योजना) चलानी नम्बर : ९०८ मितिः २०७९/०३/२९

आर्थिक वर्ष २०७९/०८० मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु छनौट तथा सिफारिस तोकिएको प्रकृया अनुसार नभएको भनि सिफारिस तथा समन्वय समितिका संयोजक एवम् कर्णाली प्रदेश सभाका माननीय सदस्यहरुबाट असहमति व्यक्त भएको सन्दर्भमा कर्णाली प्रदेश सभाका माननीय सभामुखज्यूको अध्यक्षतामा मिति २०७९ असार २४ गते बसेको सर्वदलिय बैठकको निर्णय नं. १ मा मुख्यमन्त्री रोजगार कार्यक्रमको सम्बन्धमा प्रस्तावित आयोजनाहरु एकमुष्ट रुपमा फिर्ता लिने र विनियोजन भएको रकम यथावत राखी साउन मसान्त सम्म कार्यविधि सम्मत योजनाहरु छनौट गरिसक्नु पर्ने निर्णय भएको छ।

तसर्थ, उक्त निर्णय अनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७९/०८० मा कार्यान्वयन हुने आयोजनाहरु मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ तथा निर्देशक समितिबाट विभिन्न मितिमा भएको निर्णय बमोजिम सम्बन्धित वडा, स्थानीय तह र सिफारिस तथा समन्वय समितिबाट आयोजनाहरु छनौट तथा सिफारिस गरी माथि उल्लिखित प्रकृया पुऱ्याई मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी सम्वत् २०७९ साल साउन मसान्त भित्र आयोजना स्वीकृतिका लागि यस कार्यालयमा पठाउनुहुन निर्णयानुसार अनुरोध छ। साथै यसरी आयोजनाहरु पठाउँदा माथि उल्लिखित प्रकृया बमोजिम यस अघि नै सिफारिस भई आएका आयोजनाहरुलाई निरन्तरता दिनुपर्ने भए सोही व्यहोरा खुलाई पठाउनु पर्नेछ। यसरी निर्धारित समयावधि भित्र तोकिएको प्रकृया पूरा गरी आयोजनाहरु सिफारिस नभएमा निर्देशक समितिको निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आयोजना छनौट तथा स्वीकृति सम्बन्धी निर्णय हुने व्यहोरा समेत अनुरोध छ।

युवराज न्यौपाने
शाखा अधिकृत

सादर अवगतार्थः

**माननीय प्रदेश सभा सदस्य (सबै), कर्णाली प्रदेश सभाः**

सबै स्थानीय तहलाई यस बमोजिम पत्राचार गरिएकोले सादर अवगतार्थ।

आवश्यक कार्यार्थः

**श्री शिक्षा विकास निर्देशनालय, सुर्खेतः** आवश्यक समन्वय गरी आयोजना छनौट तथा सिफारिस गर्नुहुन।

**श्री सामाजिक विकास कार्यालय(सबै), कर्णाली प्रदेशः** आवश्यक समन्वय गरी आयोजना छनौट तथा सिफारिस गर्नुहुन।

**श्री सूचना प्रविधि तथा समन्वय शाखाः**

कार्यालय र मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन सूचना प्रणालीको वेबसाइटमा अपलोड गर्नुहुन।

☎ ०८३-५२०१८७, ५२२१६४, ५२१८३२ फ्याक्स : ०८३-२५२६१८, ५२४७७४

Scanned with CamScanner